म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०० बुधबार, १० मंसिर २०८२ ने. सं. ११४६ कछलागा 26 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बिजुलीको सुरक्षित प्रयोग गरौं ।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

'सामाजिक न्याय, सुशासन र समृद्धि प्रमुख प्राथमिकता'

# मुख्यमन्त्री बानियाँको सयदिनको उपलब्धि

मनिल महतो

हेटौंडा, ९ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्र बहादुर बानियाँले एकसय दिनको उपलब्धि सार्वजनिक गरेका छन् ।

साउन २० गते मुख्यमन्त्रीमा नियुक्त भएका बानियाँले मंगलबार पत्रकार सम्मेलन गर्दै एक सय दिनको उपलब्धि सार्वजनिक गरेका हुन् । आफ्नो नेतृत्वको सरकारले गरेको प्रतिबद्धता, संकल्प र लक्ष्य पुरा गर्न सुरुका दिनदेखि नै काम गर्दै आएको उनले दाबी गरे । बागमती प्रदेशलाई भ्रष्टाचारमुक्त, सुशासनयुक्त, जवाफदेही, उत्तरदायी र पारदर्शी समाजको निर्माण गर्न, सामाजिक न्याय, सुशासन र समृद्धिलाई प्रमुख प्राथमिकतामा राखेर सरकार अघि बढेको मुख्यमन्त्री बानियाँले बताए ।



मुख्यमन्त्री बानियाँले लक्ष्यअनुरुप सबै निकायमा जनतालाई सुशासनको प्रत्याभूति हुने किसिमले सेवाप्रवाह भइरहेको दाबी गरे । उनकाअनुसार चालु आर्थिक वर्षको कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि वार्षिक कार्ययोजना तयार भई कार्यान्वयनमा लैजाने तयारी भइरहेको छ । मुख्यमन्त्री बानियाँले जेनजी आन्दोलनको क्रममा प्रदेशसभाबाट पास भएको संकल्प प्रस्तावअनुसारको कार्य गर्न केही बाधा अड्चन देखापरेको जिकिर गरे । मुख्यमन्त्री बानियाँले खर्च कटौतीको प्रतिबद्धता अनुरुप मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को पारि श्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५ बमोजिम प्राप्त हुने सेवा सुविधा नलिएको बताए ।

सरकारी आवासमा हुने खर्च कटौती गरेको भन्दै मुख्यमन्त्री बानियाँले सचिवालयको प्रशासनिक खर्च ५० प्रतिशतले कटौती गरेको दाबी गरे । प्रदेशभरिका दलित, एकलमहिला, विपन्न तथा सीमान्तकृत परिवारको लागि एक हजार घर निर्माण गरी जीविकोपार्जनको लागि दुई लाख रुपैयाँसम्म रकम किस्ताबन्दीमा उपलब्ध गराउने योजना अघि बढाएको उनले उल्लेख गरे । मुख्यमन्त्री बानियाँले गुणस्तरीय पूर्वाधार नयाँ विकासको आधार भएकाले बहुवर्षे ठेक्का मापदण्ड सुनिश्चित गरी सोही अनुसार कार्य अघि बढाएको दाबी गरे । मुख्यमन्त्री बानियाँको उपलब्धिमा प्रशासनिक संरचना पुनसंरचनाको खाका पेश गर्नको लागि उच्चस्तरीय प्रशासनिक पुनर्संरचना निर्देशन समिति गठन गरेको उल्लेख गरिएको छ ।

अति गरिब र सीमान्तकृत समुदायलाई गाँस, बास र कपास सुनिश्चित गर्ने नीतिको मस्यौदा तर्जुमा गर्ने कार्य भइरहेको छ । अविरल वर्षा, पहिरो तथा जेनजी आन्दोलनका घटनामा सरकार तीव्ररुपमा सक्रिय रहेको मुख्यमन्त्री बानियाँले बताए । मनसुनपूर्व तयारी तथा प्रतिकार्य योजना लागू गर्दै १३ वटै जिल्लामा विपद व्यवस्थापन कोषमा रकम विनियोजन, क्षतिग्रस्त संरचना पहिचान तथा पुनर्निर्माण, आन्दोलनमा जलेका प्रहरी सवारी साधन किन्न दुई करोड ७५ लाख विनियोजन, नेपाल प्रहरी, सशस्त्र प्रहरी संरचना सुधारमा १५ करोड भन्दा बढी लगानी गरिएको मुख्यमन्त्री बानियाँले जानकारी दिए ।

त्यसैगरी सडक पूर्वाधार तर्फ ११ दशमलब ५ किलोमिटर सडक कालोपत्रे, ६ दशमलब ७४ किलोमिटर सडक ढलान, ५ किलोमिटर सडक ग्राभेल, ५ वटा पुल निर्माण तथा १ सय ९२ दशमलब ५ किलोमिटर सडक मर्मतसम्भार गर्ने कार्य सम्पन्न भएको उल्लेख गरिएको छ । चेपाङ, वनकरिया, माझी, बोटे एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत १६ वटा आवास निर्माण तथा खरको छानी उन्मुलन कार्यक्रमअन्तर्गत २० वटा आवास निर्माण गरिएको मुख्यमन्त्री बानियाँको दाबी छ । वित्तीय संघीयताको सुदृढीकरणको लागि २५ बुँदे हेटौंडा घोषणापत्र जारी गरिएको पनि विवरणमा उल्लेख गरिएको छ ।

मुख्यमन्त्री बानियाँले आर्थिक अभावको कारण उच्चशिक्षा अध्ययनमा कठिनाई भएका प्रदेशभित्रका विपन्न र सीमान्तकृत परिवारका जेहेन्दार विद्यार्थीलाई उच्चशिक्षा अध्ययनको लागि प्राविधिक उच्चशिक्षा छात्रवृत्ति निर्देशिकाको मस्यौदा तयार गरिएको उनले दाबी गरे । हेटौंडा उपमहानगरपालिका, चन्द्रगिरी नगर पालिका, मेलम्ची नगरपालिकालाई स्वस्थ्य सहरको अवधारणा कार्यान्वयनको प्रक्रिया बढाइएको उनले बताए । प्रदेशका हरेक जिल्लाका कम्तिमा एकवटा स्वास्थ्य संस्थालाई नमुना स्वास्थ्य संस्थाको रुपमा विकास र विस्तार गर्ने प्रक्रिया सुरुवात गरिएको उनले बताए । मुख्यमन्त्री बानियाँले जेनजी आन्दोलनका घाइतेको नि:शुल्क उपचार गरिएको र सबै प्रादेशिक अस्पतालमा क्लिनिक सञ्चालन गरिएको दाबी गरे ।

सरकारी संरचना र प्रदेश सरकारको अनुदानबाट निर्माण गरिने भवनमा स्वदेशी काठको प्रयोगलाई अनिवार्य गरिएको विषय मुख्यमन्त्री बानियाँको उपलब्धिमा समावेश भएको छ । सवारी अभिलेख रहेका एक लाख ६० हजार फाईलको डिजिटाइजेशनलाई व्यवस्थि तगर्न सवारीसाधान तथा विद्युतीय अभिलेख प्रणाली व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइएको उनले बताए । मुख्यमन्त्री बानियाँले सवारी साधनको मापदण्ड र राइड शेयरीङको मापदण्ड १ महिनाभित्र तर्जुमा गरिसक्ने गरी कार्य प्रारम्भ भएको उल्लेख गरे ।

स्वास्थ्यक्षेत्रमा क्यान्सर, हृदयरोग तथा डायलाइसिस सेवामा उल्लेख्य विस्तार गरेको, भक्तपुर अस्पतालमा डायलाइसिस सेवा सुरु, प्रादेशिक अस्पतालमा भेन्टिलेटर सेवा विस्तारको तयारी, क्यान्सर पीडितलाई ५० हजारसम्म उपचार सहयोग, हृदयरोग उपचारका लागि गंगालाल तथा १३ अस्पतालसँग सम्झौता, ग्रामीण क्षेत्रमा पोर्टेबल अल्ट्रासाउन्ड सुविधा, आयुर्वेद औषधि उत्पादनमा १० नवीन उत्पादक क्षमता विस्तार, मनहरी-९ की मिठुमाया सुनारलाई आफ्नै लगानीमा निर्माण गरिएको घर हस्तान्तरणजस्ता गतिविधि सयदिनको उपलब्धी भएको मुख्यमन्त्री बानियाँले दाबी गरे ।

कृषि तथा पशुपालन क्षेत्रमा अविरल वर्षाको क्षति न्यूनीकरणका लागि राहत कार्यक्रम सञ्चालन, लम्पी स्किन रोगविरुद्ध ९६ हजार ३४७ डोज खोप, २२ पशु अस्पताल भवन निर्माण, भेटेरिनरी सेवाविस्तार, कृषि थोकबजार निर्देशिका निर्माण तथा मकवानपुर-सिन्धुलीलाई खोरेतमुक्तक्षेत्र घोषणा प्रक्रिया अघि बढाइएको विषयलाई मुख्यमन्त्री बानियाँले सय दिने उपलब्धी भनेका छन् । उद्योग, व्यापार तथा श्रमक्षेत्रमा दुई हजार ६६७ नयाँ उद्योग दर्ता, ७१२ व्यवसाय अनुगमन, 'एकवडा एकउद्यम' कार्यक्रम कार्यान्वयन, ३५ लाख कागजात डिजिटाइजेसन अभियान र यातायात कागजातमा जरिवाना छुट तथा पुनर्निर्माण व्यवस्था सय दिनभित्र लागू भएको मुख्यमन्त्री बानियाँको भनाई छ ।

त्यसैगरी चितवनमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय रंगशाला निर्माणको लागि चालु आर्थिक वर्षको विनियोजित बजेट भरतपुर महानगरपालिकालाई निकासा दिने व्यवस्था मिलाइएको उनले बताए । मुख्यमन्त्री बानियाँले जेनजी पुस्ताको माग अनुसार प्रदेश सरकारले आगामी नीति, कार्यक्रम र बजेट बनाउने बताए । बानियाँले कांग्रेसको संसदीय दलभित्र अविश्वासको प्रस्ताव दर्ता गरी बहादुरसिंह लामालाई विस्थापित गरेर मुख्यमन्त्री नियुक्त भएका हुन् ।

१४ नवउद्यमी सम्मानित

# नुवाकोटे चिया कृषि फर्मका सेल्कर तामाङ सर्वोत्कृष्ट उद्यमी घोषित



साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ बागमती प्रदेश सरकारले ११ औं उद्योग दिवसका अवसरमा १४ जना नवउद्यमीलाई सम्मान गरेको छ ।

नवप्रवर्तन उद्यमी सम्मान अन्तर्गत प्रदेशका १३ जिल्लाबाट एक-एकजना र प्रदेशभरिबाट एकजना सर्वोत्कृष्ट गरी कुल १४ जना उद्यमीलाई नगदसहित सम्मान गरिएको हो । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत कार्यक्रममा आधारित रही मंगलबार मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँको प्रमुखउपस्थितिमा जिल्लागत उद्यमीलाई सम्मान गरिएको हो । यसवर्षको सर्वोत्कृष्ट उद्यमीकारुपमा नुवाकोट, म्यागङ गाउँपालिका-३ देउरालीस्थित चिया कृषि फर्मका सेल्कर तामाङ सम्मानित भएका छन् । २०५८ सालदेखि सय रोपनीक्षेत्रमा चियाखेती गर्दै आएका तामाङलाई बागमती प्रदेश सरकारले एक लाख रुपैयाँ नगद र सम्मानपत्र सहित सम्मान गरेको हो ।

तामाङले अर्थोडक्स चिया प्रशोधन तथा उत्पादनसँगै किवी, गोलभेंडा, काँक्रो तथा अन्य तरकारीखेती गर्दै आएका छन् । गत आर्थिक वर्षमा उनले करिब १० लाख बराबरको चिया, १५ लाखको गोलभेडा, ५ लाखको किवी, ५ लाखको काँक्रो तथा २ लाखभन्दा बढी अन्य तरकारी बिक्री गरेका थिए । केहीवर्ष वैदेशिक रोजगारीमा बसेका तामाङले हाल १३ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आइरहेका छन् । उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठका अनुसार नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड २०८१ बमोजिम आवेदन दिएकामध्ये प्रत्येक जिल्लाबाट सर्वाधिक अंक प्राप्त गरेका तीन उद्यमीमध्येबाट उत्कृष्ट छनोट गरिएको हो ।

कार्यक्रममा मकवानपुरबाट ज्योति दामन कृषि फार्म थाहा, नमूना एग्रो प्रोडक्स काभ्रे, ग्यालेक्सी मौरी फार्म दोलखा, चम्पक पाउँ भक्तपुर, स्पेशल पुष्टकारी ललितपुर, नमुन्चेत कृषि फार्म ककनी नुवाकोट, उज्यालो साबुन उद्योग सिन्धुली, पवित्रा कृषि तथा पशुपंक्षी फार्म धादिङ, चितवन अर्वान बुटिक, द हाइल्याण्ड आर्ट फेसन डिजाइन काठमाडौं, जौडाँडा ढाका उद्योग सिन्धुपाल्चोक र रसुवाको राजेश कृषि तथा पशुपन्छी फार्मलाई उत्कृष्ट उद्यमीकारुपमा सम्मानित गरिएको छ । उत्कृष्ट भएका उद्यमीलाई जनही ४० हजारसहित सम्मान गरिएको थियो ।

अन्तिम छनोट मन्त्रालय स्तरीय समितिबाट अंकका आधारमै गरिएको उनले बताइन् । मन्त्री श्रेष्ठले उद्यमशीलता प्रवर्द्धनका लागि उद्योगमैत्री वातावरण निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताइन् । कार्यक्रमस्थलमा उत्कृष्ट तथा सर्वोत्कृष्ट उद्यमीले आआफ्ना उत्पादनको प्रदर्शनी तथा बिक्री गरेका थिए । प्रदर्शनीमा कृषि, घरेलु उद्योग, ढाका, मौरीका उत्पादनलगायत स्टल राखिएको थियो । स्टलको मुख्यमन्त्री सहित बागमती प्रदेशका मन्त्रीहरुले अवलोकन गरेका थिए ।

# हेटौंडामा मनाइयो प्रतिजैबिक प्रतिरोध सचेतना सप्ताह

साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ हरेक वर्ष नोभेम्बर १८ देखि २४ तारिखसम्म विश्वभर मनाइने 'प्रतिजैबिक प्रतिरोध सचेतना सप्ताह' अन्तर्गत बागमती प्रदेश सरकारले विशेष कार्यक्रम गरेको छ ।

स्वास्थ्य मन्त्रालयको आयोजना तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको एएमआर क्लबको समन्वयमा गरिएको 'वाक फर द टक एएमआर अवेरनेस' शीर्षकको पदयात्राले प्रतिजैबिकको दुरुपयोग र प्रतिरोधबारे सन्देश प्रवाह गरेको छ । राष्ट्रिय कार्ययोजनाले पहिचान गरेको प्रथम प्राथमिकताको क्षेत्र सचेतना, तालिम र सञ्चारलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने उद्देश्यले स्वास्थ्यकर्मी, सामान्य नागरिक र विद्यार्थी लक्षित गरी कार्यक्रम आयोजना गरिएको हो ।



कार्यक्रमका प्रमुखअतिथि स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख कुमार पोखरेलले प्रतिजैबिक प्रतिरोध विश्व स्वास्थ्यका लागि तीव्ररुपमा बढ्दै गएको चुनौती भएकाले सबै तहतप्काबाट सामूहिकरुपमा सचेतना बढाउनु अत्यावश्यक रहेको बताए । उनले प्रतिजैबिकको अनियन्त्रित र गलत प्रयोगले विश्वभर ठूलो स्वास्थ्य संकट निम्त्याइरहेको भन्दै चिकित्सकको सल्लाहबिना औषधि सेवन नगर्ने, निर्धारित समयावधि पूरा गरेर औषधि लिने, समुदायमा सही जानकारी फैलाउने कार्य गर्न अनुरोध गरे ।

हेटौंडाको हुप्रचौरबाट सुरु भएको पदयात्रा शितलमहलचोक, पारिजातपथ, कान्तिराजपथ, बुद्दचोक हुँदै स्वास्थ्य निर्देशनालयमा पुगेर समापन भएको थियो । पदयात्रामा सहभागी स्वास्थ्यकर्मी, विद्यार्थी र नागरिकले प्रतिजैबिकको जिम्मेवारीपूर्वक प्रयोग, प्रतिरोध रोकथामका उपाय, सरसफाइ र स्वास्थ्य व्यवहार सुधारबारे सन्देशयुक्त प्लेकार्ड प्रदर्शन गरेका थिए । कार्यक्रमले प्रदेशस्तरमा प्रतिजैबिक प्रतिरोधबारे जनचेतना बढाउँदै, आगामी दिनमा अझ प्रभावकारी अभियान सञ्चालन गर्ने मन्त्रालयले जनाएको छ ।

# लैङ्गिकहिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत राक्सिराङमा हस्ताक्षर अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ लैङ्गिकहिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा राक्सिराङ गाउँपालिकाले सामूहिक प्रतिबद्धता व्यक्त गर्दै हस्ताक्षर अभियान सम्पन्न गरेको छ ।

'प्रविधिको सही प्रयोग गरौं, लैङ्गिकहिंसाको अन्त्य गरौं' भन्ने नारा रहेको अभियानको मंगलबार सामूहिक प्रतिबद्धता तथा हस्ताक्षर गरेको हो ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष वनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत सन्देश मास्के, वरिष्ठ शाखाअधिकृत गोविन्द अधिकारी, चैनपुर प्रहरीचौकी प्रमुख दीपेन्द्र ढकाल, नगरप्रहरी प्रतिनिधि तथा विभिन्न शाखाका कर्मचारीको उल्लेखनीय सहभागीता रहेको थियो ।

हस्ताक्षर कार्यक्रममा सहभागीले लैङ्गिकहिंसा अन्त्यका लागि सामाजिक, संस्थागत र प्रविधि जन्यस्तरमा जिम्मेवारीपूर्वक क्रियाशील हुने प्रतिबद्धता जनाएका थिए ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा-नारायणगढ सडक-फागुनभित्रै टेन्डर

गतवर्ष देशभर पौने ४ लाख नयाँ सवारीसाधन थपिएका छन् । नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा देशभर ३ लाख ७६ हजार ३९३ वटा नयाँ सवारीसाधन थपिएका हुन् । राष्ट्र बैंकको अध्ययन अनुसार गतवर्ष २ लाख ९४ हजार ३९८ वटा नयाँ मोटरसाइकल दर्ता हुँदा ८१ हजार ९९५ वटा अन्य सवारीसाधन थपिएका हुन् । तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा २ लाख ७३ हजार ७४ वटा सवारीसाधन दर्ता भएका थिए । जसमध्ये २ लाख ३२ हजार ५५२ वटा मोटरसाइकल र ४० हजार ५२२ वटा अन्य सवारीसाधन दर्ता भएको राष्ट्र बैंकको तथ्यांक छ । अघिल्लो वर्षको तुलनामा गतवर्ष देशभर ३७.८३ प्रतिशत सवारीसाधन थपिएका छन् । गतवर्ष मोटरसाइकलको संख्या २६.५९ प्रतिशत र १०२.३४ प्रतिशत अन्य सवारीसाधन थपिएका छन् । राष्ट्रिय राजमार्गमा सवारीसाधनको चाप यतिधेरै बढेको छ । हेटौंडा-नारयणगढ खण्डमा यात्रा गर्न २ घण्टा भन्दा बढी समय लाग्ने गरेको छ । सरकारले पूर्व-पश्चिम राजमार्ग विस्तारअन्तर्गत पथलैया-हेटौंडा-नारायणगढ सडकको स्तरोन्नति चाँडै अघि बढाउने भनेपनि हेटौंडा बजार क्षेत्रको सडकसीमा खाली नभएकै कारण टेण्डर लगाउन समस्या आउन सक्छ ।

हाल दुई लेन रहेको यस सडकलाई एसियाली विकास बैंकको सहुलयितपूर्ण ऋणमा चार लेनको बनाउने काम यसैवर्ष सुरु गर्न लागेको हो । ७० किलोमिटर लामो हेटौंडा-नारायणगढ सडकको वातावरणीय प्रभाव मूल्यांकन र डिजाइन स्वीकृति अन्तिमचरणमा पुगेको छ । सडक विभाग, आयोजना निर्देशनालय (एडीबी)ले हेटौंडा-नारायणगढ सडकको ईआइए र डिजाइन स्वीकृतिको काम सँगसँगै भइरहेको जानकारी दिएको छ । सडकको डिजाइनको काम सकेर स्वीकृतिको चरणमा पुगेको बताइएको छ । डिजाइन सडक विभागले अध्ययन गरी सुधार गर्न सुझावसहित फिर्ता पठाएको छ । अब विभागको सुझाव समेटी डिजाइनलाई अन्तिम रुप दिई स्वीकृतिका लागि पुन: विभागमै पठाउने तयारी भइरहेको छ । आगामी एक/डेढ महिनाभित्र डिजाइन स्वीकृति भइसक्ने आयोजनाले जनाएको छ । डिजाइन स्वीकृति भएपछि टेन्डर प्रक्रिया अघि बढ्ने छ । यो सडकको अनुमानित लागत करिब ५० अर्ब रुपैयाँ रहेको छ । सरकारले १०२७ किलोमिटर लामो पूर्व-पश्चिम राजमार्गलाई अन्तर्राष्ट्रियस्तरको बनाउन लागेको छ । हालसम्म काँकडभिट्टा-लौकही (९६ किमि), कमला-कञ्चनपुर (८७ किमि), कमला-पथलैया (१३० किमि), नारायणघाट बुटवल (११४ किमि) र बुटवल-गोरुसिंगे-चन्द्रौटा (६९ किमि) को ठेक्का सम्झौता भई विस्तारको काम भइरहेको छ । चाँडै हेटौंडा-नारायणगढको पनि ठेक्का लगाउने तयारी गरेको हो ।

हेटौंडा-नारायणगढ सडकको विस्तारका लागि आगामी फागुनसम्म ठेक्का खुलाउने तयारी छ । विभागबाट सडकको डिजाइन स्वीकृतिपछि र एडीबीसँग ऋण सम्झौता भएर ठेक्का आह्वान गरिने छ । हेटौंडा-नारायणगढ सडकको टेन्डर फेब्रुअरी (फागुन)सम्म खुलाउने तयारी छ । विभागबाट सडकको डिजाइन स्वीकृत भएपछि र एडीबीसँग ऋण सम्झौता भएर टेन्डर प्रक्रिया अघि बढ्ने यो सडकलाई दुई प्याकेजमा विभाजन गरी ठेक्का लगाउने तयारी भएको छ । हेटौंडा-नारायणगढ सडक सहरीक्षेत्रमा मुख्य सडक ६ लेन र दाँयाबाँया सर्भिस लेन निर्माण हुनेछ । अन्यक्षेत्रमा चार लेनको बनाइने छ । चितवनको टिकौली जंगलक्षेत्रमा २ किमि लामो फ्लाइओभर निर्माण गरिने भएको छ । यसक्षेत्रमा सवारीसाधनको ठक्करबाट वर्षेनी कयौं वन्यजन्तु मर्ने गरेकाले सुरक्षाका लागि फ्लाइओभर निर्माण गर्न लागिएको हो । यो संरक्षितक्षेत्रमा बन्ने नेपालकै पहिलो फ्लाइओभर हुनेछ । फ्लाओभर माथिबाट सवारीसाधन गुड्ने र तलबाट वन्यजन्तु आवतजावत गर्न मिल्ने गरी निर्माण गरिने छ । फ्लाइओभर दुवैतर्फ ३-३ लेन फराकिलो हुनेछ । जसमा बीचको ४ लेनमा सवारीसाधन गुड्ने र दाँयाबाँया १-१ लेनमा पैदलयात्रु र साइकललेन रहने छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर ११ गते बिहीबार २७ नोभेम्बर २०२५ । सप्तमी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३५ सूर्यास्त ५:०७।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नया् काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# वर्गीय द्वन्द्वमा बदलिँदै जेनजी विद्रोह



राजेश विद्रोही

जेनजी विद्रोहपछि हालसम्मको परिस्थितिलाई नजिकबाट नियाल्ने हो भने सिङ्गो परिवर्तन 'अधकल्टो' जस्तो देखिन थालेको छ । किनभने जेनजी आन्दोलनको उठान र बैठान दुवै ठीक तरिकाले हुन सकेनन् । यसको प्रमुख कारण, जेनजी विद्रोहको आह्वान गर्ने र भोग्ने दुवै पक्षले यो हदसम्मको विध्वंस र हिंसात्मक रूप लिनेछ भन्ने कल्पना समेत गरेका थिएनन् । परिणामस्वरूप आन्दोलन एकाएक आपत्कालीन विद्रोहमा परिणत भयो । त्यही कारण जेनजी विद्रोहको बलमा बनेको अन्तरिम सरकार समेत विद्रोहका आधारभूत मूल्य र मान्यतालाई स्थापित गर्न सक्छ कि सक्दैन भन्ने गम्भीर आशंकाको भुमरीमा फसेको देखिन्छ । जेनजी नेतृत्वले समेत विद्रोहलाई कसरी संस्थागत गर्ने भन्ने प्रश्नमा अकर्मण्यता देखाएका छन् ।

विद्रोह र त्यसका पहलुहरूले आफ्नो बाटो बेलैमा स्पष्ट गर्न नसक्दा, उनीहरूभित्र देखिएको अन्तरविरोध र अन्तरसैर्षले वर्गीय द्वन्द्वको रूप लिँदै गएको अनुमान गर्न सकिन्छ । किनभने जेनजी विद्रोह कुनै काठमाडौंकेन्द्रित अनुहारले मात्र लडेको आन्दोलन थिएन । यो ७७ जिल्लाका युवाहरूको स्वस्फूर्त विद्रोह थियो । तर अहिले यसको सम्पूर्ण जस एउटा काठमाडौंकेन्द्रित समूहले लिन खोजिरहेको छ, जुन परम्परागत दलीय शैलीमा रूपान्तरण हुँदै बाँकी ७६ जिल्लालाई 'बाइपास' गर्ने प्रयास गरिरहेको छ ।

यसले सिङ्गो आन्दोलन र यसको उपलब्धिलाई निष्प्रभावी बनाउने खतरा बढाएको छ । जेनजी विद्रोह गर्ने र भोग्ने दुवैका लागि यो आन्दोलन उनीहरूको कल्पनाभन्दा बाहिरको घटना थियो । त्यसैले यसलाई स्थापित र सामना गर्नु दुवै कठिन भइरहेको छ । यतिसम्म कि अब उनीहरू एकअर्काको अस्तित्व स्वीकार गर्न समेत कठिनाइ भोगिरहेका देखिन्छन् । यतिबेला यो पुस्ता अहिलेको विश्व राजनीति र सामाजिक संरचनाको केन्द्रमा छ । उनीहरू सामाजिक सञ्जाल, प्रविधि र डिजिटल चेतनाका माध्यमबाट विश्वलाई हेर्छन्, बुझ्छन् र प्रतिक्रियास्वरूप विद्रोह गर्छन् । तर यो विद्रोह पनि एकरूपतामा छैन ।

यो पुस्ताभित्र पनि वर्ग छ, वर्गीय स्वार्थ छन्ह वर्ग स्वार्थ अनुसारका दृष्टिकोण, एजेन्डा र आन्दोलनका स्वरहरू फरक-फरक छन् । यही वर्गीय विभाजनले जेनजी आन्दोलन वा विद्रोहको चरित्र निर्धारण गरेको छ । कोही सुधारवादी र प्रविधिमुखी उदार लोकतन्त्रका हिमायती छन् भने कोही मूलत: व्यवस्थामाथि नै प्रश्न उठाउने, नयाँ राजनीतिक संरचनाको खोजी गर्ने क्रान्तिकारी धारका छन् । जेनजी पुस्ताको विद्रोहको 'ग्राउन्ड' के हो भन्ने प्रश्नलाई बुझ्नका लागि समाजको वर्गीय संरचना र राज्यसत्ताको स्वरूप बुझ्नुपर्छ । आजको नेपाल सहित विश्वकै अधिकांश लोकतान्त्रिक राज्यहरू 'दलाल पूँजीवादी वर्गीय अधिनायकत्व' का रूपमा कार्यरत छन् ।

यो संरचना बाह्य रूपमा लोकतान्त्रिक देखिए पनि भित्री रूपमा पूँजीपति र नोकरशाही वर्गको आधिपत्यमा चलिरहेको छ । यसले श्रमजीवी, शोषित र उत्पीडित वर्गहरूलाई प्रतिनिधित्व गर्ने नाममा राज्यसत्ता कब्जा गरेर, पुन: तिनै वर्गलाई दमन गर्ने काम गरिरहेको छ । त्यसैले जेनजी पुस्ताको विद्रोह केवल व्यवस्था विरोधी भावनाको विस्फोट होइन । यो विद्रोह मूलत: वर्गीय मुक्ति र स्वाधीन राजनीतिक व्यवस्थाको खोज हो । आजका युवाहरूले देखेका छन्– लोकतन्त्रका नाममा हुने चुनाव, संसद् र दलहरूको प्रतिस्पर्धा केवल दलाल पूँजीपतिहरूकै हितका लागि सञ्चालन हुन्छन् ।

जनताको जीवनमा ठोस सुधार ल्याउने शक्ति यी दलहरूमा छैनह न त उनीहरूमा इच्छाशक्ति नै बाँकी छ । जनताका नाममा जनताको अधिकार बेच्ने, ठेक्का-कमिसनमा र माउने र शासनलाई नोकरशाहीको बन्द कोठाभित्र सीमित पार्ने प्रवृत्ति नै आजको दलाल पूँजीवादी लोकतन्त्रको वास्तविकता हो । जेनजी पुस्ताको विद्रोही चेतनाको केन्द्रीय नारा यही हो– यथास्थितिमा गोलचक्कर नमारौं । पुरानै सत्ता, पुरानै अनुहार र पुरानै दलहरूको बीचमा फेरि-फेरि घुम्ने चक्र तोडौं । यो विद्रोह परिवर्तनका लागि परिवर्तन होइन, 'स्वाधीन र अग्रगामी' राजनीतिक व्यवस्थाको खोज हो ।

यो खोज व्यक्तिवादी होइन । यो आन्दोलनको लक्ष्य कुनै व्यक्तिको शासन होइन, जन-अधिनायकत्वको संरचना हो– जहाँ सत्ता शोषित, उत्पीडित र श्रमजीवी वर्गको हातमा हुनेछ । नेपाली समाजको वर्गीय बनावट हेर्ने हो भने- किसान, मजदुर, दलित, महिला, मधेशी, आदिवासी जनजाति, मुस्लिम, थारू र क्षेत्रीय वर्गहरू सदियौंदेखि उत्पीडनमा छन् । यी वर्गहरूले राज्यसँग केवल कर, शोषण र उपेक्षा पाएका छन् । तिनीहरूका नाममा कार्यक्रम, बजेट र भाषण त बन्छन्, तर निर्णय गर्ने शक्ति सधैं नोकरशाही र पूँजीपति वर्गको हातमा रहन्छ । हरेक सत्ता परिवर्तनसँगै नेताहरूको अनुहार फेरिन्छ तर वर्गीय अधिनायकत्व यथावत् रहन्छ ।

आजको नेपालको संसदीय व्यवस्थाले यही वर्गीय अधिनायकत्वलाई ढाकछोप गरेर 'जनताको सरकार' को भ्रम फैलाइरहेको छ । तर यो जनताको सरकार होइन– यो दलाल पूँजीपति र नोकरशाही वर्गको साझेदारीमा निर्मित शासन संरचना हो । यही कारणले आजको प्रणालीले न भ्रष्टाचार नियन्त्रण गर्न सकेको छ, न बेरोजगारी घटाउन । शिक्षा, स्वास्थ्य, रोजगारी र न्याय प्रणाली सबै व्यापारीकरणमा गइसकेका छन् । राज्य जनताको सेवा गर्ने निकाय होइन, ठेक्कापट्टा वितरण गर्ने 'कारोबार केन्द्र' मा परिणत भएको छ । जताततै चरम बेथिति, भ्रष्टाचार र कुशासन व्याप्त छ ।

यही व्यवस्थाबाट असन्तुष्ट जेनजी पुस्ता अहिले राष्ट्रको नयाँ विकल्प खोज्दैछ । उनीहरूले परम्परागत दलहरूमाथि विश्वास गुमाइसकेका छन् । किनभने ती दलहरू जनताको विश्वासबाट होइन, पैसाको सञ्जाल र अन्तर्राष्ट्रिय दलाल शक्तिको समर्थनबाट टिकेका छन् । उनीहरूको लोकतन्त्रले जनतालाई होइन, पूँजीलाई स्वतन्त्रता दिएको छ । यही अन्तरविरोधले जेनजी चेतनामा नयाँ राजनीतिक दर्शन जन्माइरहेको छ– जसको सारांश हो: दलाल पूँजीवादी लोकतन्त्र होइन, श्रमजीवी स्वाधीन लोकतन्त्र ।

यो श्रमजीवी लोकतन्त्र कुनै काल्पनिक अवधारणा होइन । यसको बीउ प्रत्येक सैर्षरत वर्गभित्र छ । खेतमा पसिना बगाउने किसान, कारखानामा घाम र धुलो खाने मजदुर, शिक्षामा पहुँच नपाएका दलित, अवसरबाट वञ्चित महिला र मधेशी-आदिवासी जनजातिहरू– यी सबै नै भविष्यको स्वाधीन लोकतन्त्रका प्राकृतिक संवाहक हुन् । तर तिनीहरूका आवाज सधैं शासक वर्गले दबाउँछ, टुर्क्याउँछ र जात-धर्म, क्षेत्र-भाषाका नाममा विभाजित गर्छ । जेनजी पुस्ताको जागरण यही विभाजन विरुद्धको जागरण हो, विद्रोह हो । उनीहरूले अब जात, धर्म वा भूगोलका आधारमा होइन, वर्गीय हितका आधारमा एकताको सूत्र खोजिरहेका छन् । यो नै स्वाधीन राजनीतिक चेतनाको आरम्भ हो । त्यसैले जेनजी आन्दोलन हरेक हिसाबले साझा प्रतीक हो ।

जेनजी पुस्ताको विद्रोहलाई धेरैले 'भावनात्मक' वा 'अराजकतावादी' भनेर निमोठ्ने र हेप्ने प्रयास गरिरहेका छन् । तर वास्तवमा यो विद्रोह अत्यन्त वैचारिक र परिवर्तनकारी छ । यसले राज्य, शासन र जनसत्ता सम्बन्धी प्रश्नहरूलाई पुन: परिभाषित गर्दैछ । उदाहरणका लागि, यो पुस्ता अब 'सत्ता परिवर्तन' मा होइन, 'संरचना परिवर्तन' मा जोड दिइरहेको छ । उनीहरूका लागि सुशासन, पारदर्शिता र स्थायित्व केवल व्यवस्थाभित्रका सुधार मात्र होइनन्, व्यवस्थाको स्वरूपकै पुन:निर्माण उनीहरूका मुद्दा हुन् ।

संसदीय व्यवस्थाले जनतालाई बोल्न त दियो तर सुनिने शक्ति खोस्यो । यो व्यवस्थाले प्रतिनिधि त बनायो तर जनताको सत्ताको अधिकार हरण गर्‍यो । जेनजी पुस्ताको विद्रोह त्यसैको प्रतिरोध हो । उनीहरू भन्छन्– अब प्रतिनिधि होइन, प्रत्यक्ष जनसत्ता चाहिन्छ । अब दलहरूको भागबन्डा होइनह उत्पादन, श्रम र समाजको साझा स्वामित्वमा आधारित लोकतन्त्र चाहिन्छ । राजनीतिक दृष्टिले यो सोच 'संयुक्त स्वाधीन अधिनायकत्व' को धारामा पर्छ । यसको अर्थ, सत्ता कुनै एक वर्गको हातमा होइन, देशका सबै शोषित, उत्पीडित र श्रमजीवी वर्गहरूको संयुक्त अधिनायकत्वमा रहेको हेर्न चाहन्छन् । यस्तो शासन प्रणालीमा भ्रष्टाचार, नोकरशाही र दलालपनको ठाउँ हुँदैन ।

नीतिनिर्माण जनताको आधारभूत आवश्यकता र उत्पादन सम्बन्धका आधारमा हुन्छ । यो व्यवस्थामा सरकार परिवर्तनको मतलब केवल पार्टी परिवर्तन होइन, सामाजिक सम्बन्धको परिवर्तन पनि हुन्छ । नेपालमा यस्तो चेतना फैलिनु कुनै आकस्मिक घटना होइन । राज्यले विगत सात दशकमा जनताको पक्षमा काम गर्न सकेन । सामन्तवादबाट पूँजीवादमा रूपान्तरण हुँदा पनि सत्ताको स्वरूप जनमुखी हुन सकेन । जनता अझै करदाताका रूपमा मात्र छन्, मालिक बन्न सकेका छैनन् ।

यतिबेला जनताभित्रको नयाँ पुस्ता जेनजी यस यथार्थसँग टकराइरहेको छ । उनीहरूको विद्रोहमा पुरानो व्यवस्थाप्रति वितृष्णा छ । तर त्यो वितृष्णा विनाशकारी होइन, पुनर्निर्माणमुखी र समानतामुखी छ । जेनजी पुस्ताको विद्रोहलाई गहिरो रूपमा बुझ्ने हो भने यो समानताको नयाँ आन्दोलन हो । यो समानता केवल अधिकारको मात्र होइन, निर्णय-शक्तिको समानता पनि हो । यसको निश्चित लक्ष्य राज्य र समाजमा यस्तो शक्ति-सन्तुलन ल्याउनु हो, जहाँ जनताले नीतिनिर्माण, कार्यान्वयन र निगरानीमा प्रत्यक्ष भूमिका खेल्न सकून् । तर यो लक्ष्य सजिलो भने छैन ।

दलाल पूँजीवादी वर्गले आफ्नो अस्तित्व जोगाउनका लागि शिक्षा, स्वास्थ्य, मिडिया र प्रशासनका हरेक क्षेत्र कब्जा गरि सकेको छ । त्यसैले जेनजी पुस्ताले सैर्ष केवल सडकमा मात्र होइन, चेतनामा पनि गर्नुपर्नेछ । उनीहरूले पुराना मूल्य-मान्यता र उपभोगवादी संस्कृति विरुद्ध पनि वैचारिक युद्ध लड्नुपर्नेछ । जेनजी पुस्ताको यो आन्दोलन राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्वरूपमा विकसित हुँदै छ । अमेरिका, युरोपदेखि एसिया र अफ्रिकासम्मका युवाहरूले एउटै कुरा भनिरहेका छन्– 'हाम्रो भविष्य हाम्रो हातमा चाहिन्छ ।'

यो पुस्ता कुनै एक दल, धर्म वा विचार धाराको बन्धक बन्ने होइन । उनीहरू स्वाधीन सोच र वैज्ञानिक दृष्टिकोणका आधारमा नयाँ राजनीतिक दर्शन निर्माण गर्दैछन्, जसमा सम्पूर्ण मानव जाति अटाउनेछन् । नेपालमा यसको स्वरूप अन्तत: 'श्रमजीवी स्वाधीन लोकतन्त्र' को आन्दोलनका रूपमा देखा पर्न सक्छह जहाँ किसान, मजदुर, दलित, महिला, मधेशी, जनजाति, थारू, मुस्लिम र क्षेत्रीय वर्गहरू मिलेर साझा सत्ता-संरचना निर्माण गर्छन् ।

यस्तो सत्ता जनताको हातमा हुने भएकाले त्यसलाई 'संयुक्त स्वाधीन अधिनायकत्व' भन्न सकिन्छ । यो व्यवस्थाले संसद् होइन, समाजका उत्पादन र वितरण प्रणालीलाई समेत राजनीतिक बनाउँछ । अन्तत: जेनजी विद्रोहको मूल जनादेश यही हो– यथास्थितिमा गोलचक्कर नमारौंह नयाँ, उन्नत र स्वाधीन राजनीतिक व्यवस्थाको स्थापना गरौं । लोकतन्त्रका नाममा दलाल पूँजीपतिको अधिनायकत्व होइन, श्रमजीवी वर्ग र उत्पीडित समुदायको जनसत्ता कायम गरौं । यो केवल राजनीतिक माग होइन, ऐतिहासिक अनिवार्यता हो । बेथिति र भ्रष्टाचारको निर्मूल अनि स्थिर सरकारको कल्पना हो । नेपालले यदि यो चेतना आत्मसात् गर्न सकेन भने नयाँ पुस्ताले पुरानो व्यवस्थाको ढाँचा भत्काउनेछन् । किनकि इतिहास सधैं ती वर्गहरूको पक्षमा उभिन्छ, जसले परिवर्तनको जिम्मा लिन्छन् । आज त्यो जिम्मा जेनजी पुस्ताले उठाइसकेको छ । उनीहरूका हातमा केवल मोबाइल मात्र छैन, भविष्यको दिशा पनि छ । र, त्यो दिशा स्पष्ट छ– स्वाधीनता, समानता र जनसत्ताको मार्ग ।

*(साभार: अनलाइनखबर)*

# नेपालमा ऊर्जा विकासको सम्भावना र अवस्था

श्रीमन नारायण

नेपालको जलविद्युत् क्षेत्रको सम्भावना अथाह छ । प्राकृतिक जलस्रोतहरुको भरपुर उपयोग गर्दै यस क्षेत्रले मुलुकको समृद्धिमा योगदान पुऱ्याउन सक्छ । जसरी खाडीका देशहरु आफ्ना तेल सम्पदाको सदुपयोग गरेर आफूलाई आधुनिक धन-कुवेरको रुपमा विकसित गरेका छन्, त्यसरी नै नेपालले पनि आफ्नो जलसम्पदाको सदुपयोग गरेर नेपालको पानीलाई 'वाटर डलर' को रुपमा परिणत गर्न सक्छ । यदि खाडीका देशहरु कच्चा तेलको उपयोग गरेर 'पेट्रो डलर' कमाउन सक्छन्, हामी पनि आफ्नो जलसम्पदालाई 'वाटर डलर' को रुपमा विकसित गर्न सक्छौं ।

अध्ययनअनुसार नेपालमा जलविद्युत् उत्पादनको क्षमता ८५ हजार मेगावाटको आसपास रहेको छ । उत्पादन क्षमतामध्ये हाल करिब ८-१० प्रतिशत विद्युत्को उपयोग भइरहेको छ । विश्वका अन्य देशहरुको तुलनामा नेपाललाई जलविद्युत्को क्षेत्रमा महत्वपूर्ण स्थान प्राप्त छ, जसका कारण भारतजस्ता मुलुकका ठूला लगानीकर्ताहरुको चासोसमेत नेपालतिर वृद्धि भइरहेको छ । भारतको सन्दर्भमा हेर्ने हो भने, ऊर्जा आवश्यकतालाई पूरा गर्न उसले थर्मल पावर, कोयला, सौर्य ऊर्जा र नवीकरणीय ऊर्जाको पनि उपयोग गरिरहेको छ तर जलविद्युत् स्रोतहरुलाई उसले बढी महत्व दिएको छ । भारतको कुल ऊर्जा उत्पादनमा जलविद्युत् एक प्रमुख हिस्सा हो । उपयुक्त जलस्रोत र प्रविधिहरुको कारण यो सम्भव भएको हो । यसको ठीक विपरीत हाम्रो देशले जलविद्युत्को विशाल सम्भावनालाई छोडेर अझै पनि आंशिक उपयोग गरिरहेको छ । हाम्रो देशको जलविद्युत् क्षेत्र अझै विकासको प्रारम्भिक चरणमा छ । तथापि ऊर्जा क्षेत्रको सदुपयोग गरेर हामी धनी हुन सक्ने अवस्था छँदै छ । विगत केही वर्षयता दक्षिणी भारतसँगको द्विपक्षीय ऊर्जा व्यापारमा नेपाल नाफाको अवस्थामा रहनु यसको ठोस प्रमाण हो ।

नेपाल जलविद्युत्को ठूलो उत्पादनकर्ता हुन सक्छ भने भारतजस्तो विशाल बजार भएको देश यसको खरिदकर्ता हुन सक्छ । नेपालमा आएर बिजुलीको उत्पादन जसले गरे पनि बजार भनेको भारत नै हो । भारतले आगामी १० वर्षमा नेपालसित १० हजार मेगावाट बिजुली खरिद गर्ने विधिवत् सम्झौता नै भइसकेको छ । जलस्रोतभित्र केवल बिजुली मात्रै आउँदैन । यसभित्र खानेपानी, सिंचाइ र नदी नियन्त्रणजस्ता विषय पनि आउँछन् । अहिले पनि कतिपय ठाउँमा खानेपानीको अभाव रहेको पाइन्छ । सिंचाइको पर्याप्त व्यवस्था नभएकै कारण नेपाली किसानहरुले चाहेजतिको कृषि उत्पादन गर्न सफल भइरहेका छैनन् । नदी कटानको समस्यावाट पनि केही ठाउँका जनता पीडित छन् ।

जलस्रोत उपभोग भएमा स्वत: नै उपरोक्त समस्याको समाधान हुनेछ ।नेपालमा हालसम्म जलविद्युत् क्षेत्रमा उल्लेखनीय प्रगति हुन नसक्नुका कतिपय कारणहरु छन् । आवश्यक पूर्वाधार र प्रशासनिक जटिलताका कारण पनि विदेशी लगानीकर्ताहरु खुशीसाथ नेपाल आउन चाहँदैनन् । जलविद्युत् परियोजनाहरुको निर्माणमा वनजंगलको समस्या, वातावरण संरक्षणको नाममा आवश्यकताभन्दा बढी समस्या तेर्स्याउने प्रवृत्ति, सहज ढंगले जग्गा प्राप्ति हुन नसक्ने अवस्था चुनौतीका रुपमा रहेका छन् । राजनीतिक अस्थिरताको असर स्वाभाविकरुपमा नै देशको विकासमा पनि पर्ने गर्दछ । मजदुर हडताल तथा अनावश्यक आन्दोलनको सर्वाधिक असर औद्योगिक विकासमाथि पर्ने गर्दछ । उपरोक्त जटिलताहरुको समाधान गरेर लगानीकर्तालाई तनावमुक्त वातावरण उपलब्ध गराइनु आवश्यक छ ।

जलविद्युत् क्षेत्रमा लगानी गर्न सुरक्षित र अनुकूल नीतिगत वातावरणको अभावका कारण विदेशी लगानीकर्ताहरु नेपालमा लगानी गर्न अगाडि नसरेका हुन सक्छन् । भारतीय व्यावसायिक लगानीकर्ताहरुले नेपालमा लगानी गर्नका लागि नीतिगत सुरक्षा र प्रतिफलको सुनिश्चितता खोजिरहेका छन् । विगत केही वर्षयता नेपालले वैदेशिक लगानी भित्र्याउन लगानीमैत्री वातावरणको निर्माण गर्न लागेको छ ।

करिब एक दशकअघि भारतसँग विद्युत् विकास सम्झौता र विद्युत् व्यापार भएपछि नेपालको ऊर्जा व्यापारमा प्रगति भइरहेको छ । भारतसित बिजुलीको खरिद-बिक्रीका लागि प्रसारण लाइनको निर्माण र विस्तार आवश्यक भएको थियो । जबकि प्रसारण लाइनको निर्माण तीव्र गतिमा भइरहेको छ, यस्तोमा भारतीय लगानीकर्ताहरु पनि नेपालमा लगानी गर्न उत्साही भएका छन् । अरुण तेस्रो जलविद्युत् परियोजनामा भारतीय कम्पनी सतलज जलविद्युत् निगमले २१७ किलोमिटर लामो प्रसारण लाइन निर्माण गर्दा आइपरेका समस्याहरुको समाधानका पनि सरकारले आवश्यक सहयोग गरेको हो । यसले नेपालमा भारतीय लगानीकर्ताहरुको विश्वास जगाउने काम गरेको हुँदा उनीहरु उत्साही देखिन्छन् । भारतको अडानी समूहजस्तै ठूला कम्पनीहरुले पनि नेपालमा जलविद्युत् परियोजनामा लगानी गर्ने इच्छा प्रकट गरेका छन् । नेपालको जलविद्युत् क्षेत्रमा विश्वका ठूला लगानीकर्ताहरुको आकर्षण बढ्दै जानु सकारात्मक संकेत हो । क्षमताअनुसार जलविद्युत्को उत्पादन हुन सक्यो भने हाम्रो देश ऊर्जा आपूर्तिको केन्द्र बन्न सक्छ । यसको लागि गहन रणनीतिक योजना र राजनीतिक स्थिरता आवश्यक छ ।

गरिबी एवं बिजुलीको खपतबीच गहिरो सम्बन्ध छ । जुन ठाउँमा बिजुलीको खपत बढी हुन्छ, त्यहाँ गरिबी अन्त्य हुने अवस्थामा पुगिसकेको हुन्छ तर जहाँ बिजुलीको अभाव हुन्छ, त्यहाँ गरिबीको अँध्यारो व्याप्त रहेको मानिन्छ । वर्तमानको सूचना-प्रविधिको युगमा बिजुलीको पर्याप्त उपलब्धताविना त सहज जीवनको कल्पना पनि गर्न सकिँदैन । हाम्रो देश विकासको मामिलामा पछाडि पर्नुको एउटा ठूलो कारण देशमा विद्युत्को ठूलो संकट हुनु पनि थियो । विगत एक दशकदेखि देशको विद्युत् अवस्थामा अप्रत्याशित ढंगले सुधार भइरहेको छ । केही असहज परिस्थितिका कारण यदाकदा लोडसेडिङका घटना देखिए पनि यथार्थमा देश लोडसेडिङबाट मुक्त भइसकेको मान्नुपर्दछ ।

एक दशकअघि जारी भएको एक अध्ययन प्रतिवेदनअनुसार नेपालले केही वर्षभित्रमै १३ हजार क्लिोवाट विद्युत् निर्यात गर्न सक्नेछ । सन् २०४५ सम्म बिजुली बेचेर नै नेपालले प्रतिवर्ष एघार खर्ब जति रुपैयाँ कमाउन सक्नेछ । यस अध्ययन प्रतिवेदनले नेपालका राजनीतिक दलहरु र नीति निर्माताहरुलाई यस दिशामा ध्यान केन्द्रित गर्न प्रेरित गरेको हुनुपर्छ । विगत एक दशकदेखि नेपालका प्राय: सबैजसो सरकारहरुले देशको ऊर्जा विकासमा सार्थक भूमिकाको निर्वाह गर्दै आएको छ । दृढ इच्छाशक्ति, विकासप्रति प्रतिबद्धता एवं प्रस्ट दृष्टिकोण भएमा अध्ययन प्रतिवेदनले मूर्तरुप लिने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति हुन मनग्गे डलर आवश्यक देखिन्छ । त्यसको निम्ति देशभित्रकै लगानी पर्याप्त हुन सक्दैन । विदेशी लगानी भित्र्याउनुपर्नेछ । हाम्रो देशमा पहाडी क्षेत्रको निम्ति ऊर्जा, पर्यटन, जडीबुटी तथा तराईका क्षेत्रमा कृषि एवं उद्योगमा पर्याप्त मात्रामा स्वदेशी र विदेशी लगानीको आवश्यकता छ ।

हामी भविष्यको निम्ति एउटा यस्तो ऊर्जा शक्तिले सम्पन्न नेपालको कल्पना किन गर्न सक्दैनौं, जहाँ दुई रुपैयाँ प्रतियुनिटमा बिजुली उपलब्ध हुन सकोस् ? हामी आफ्नो इच्छाअनुसार विद्युत् खर्च गर्न सकौं । देशमा लोडसेडिङ नहोस् । व्यापार घाटा पनि देशले भोग्नु नपरोस् तथा जीडीपीको मामिलामा हाम्रो अवस्था दक्षिण एसियामा सबैभन्दा बढी होस् । हामी नेपाली आफ्नो घर, कार्यालय, कारखानाका साथै खाना पकाउनमा र गाडी गुडाउनमा समेत यसैको खपत गर्न सकौं, त्यो पनि साह्रै न्यून मूल्यमा ।

यसबाट प्रदूषण पनि समाप्त भएर जानेछ तर उपरोक्त सबै कार्यको निम्ति एउटै समाधान हो जलस्रोतको सदुपयोग । बितेको ६ दशक फर्केर आउने होइन । वर्तमान हामीसँग छ तथा भविष्यका निम्ति हामी योजना बनाउन सक्छौं । देश र जनताको जीवनमा आमूल परिवर्तन ल्याउने, जनताको जीवनस्तर उकास्ने, देशलाई सुदृढ बनाउने तथा देशलाई अँध्यारोबाट पूर्णत: उज्यालोतिर लैजाने नीति नै राष्ट्रहितमा मानिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*




# करणको ब्याटिङ र स्पीनरको जादुमा काठमान्डुले फर्काएको लय



काठमाडौं/पहिलो खेलमा साविक विजेता जनकपुर बोल्ट्सलाई हराएर सुखद सुरुवात गरेको अनि त्यसपछि लय गुमाएर लगातार दुई खेल हारेको काठमान्डु गोर्खाजले अन्तत: चौथो खेलमा आएर दोस्रो जित हासिल गरेको छ । कप्तान करण केसीको फिनिसिङ मद्दतमा औसत योगफल खडा गरेको काठमान्डुका लागि स्पीन बलरहरू चम्किँदा उक्त योगफल डिफेन्ड नै भयो र काठमान्डुले दोस्रो जित हात पार्‍यो । लुम्बिनीले भने दोस्रो हार बेहोर्‍यो ।

मंगलबारको जितपछि काठमान्डुको ४ खेलमा २ जितसहित ४ अंक भएको छ भने तेस्रो स्थानमा यथावत् छ । लुम्बिनीले ३ खेल खेल्दा दोस्रो हार बेहोरेको छ र २ अंकमा छ । काठमान्डुलाई राम्रो योगफलमा पुर्‍याउन फिनिसरको भूमिका खेलेका करण केसी 'प्लेयर अफ द म्याच' घोषित भए । उनले बलिङमा पनि एक विकेट लिएका थिए ।

पछिल्ला २ खेलमा नेपाली खेलाडी नै प्लेयर अफ द म्याच भइरहेकामा आजको सहित लगातार तेस्रो खेलमा नेपाली खेलाडीहरू चम्किएका छन् ।

**करणको ब्याटबाट विस्फोट**

ब्याटिङका लागि समेत परिचित करण केसीले आवश्यक पर्दा टिमका लागि क्यामिओ पारी खेल्दै फिनिसिङ दिलाउन सक्छन् । आजको खेलमा पनि उनले टिमलाई कमजोर अवस्थाबाट एकाएक बलियो अवस्थामा पुर्‍याइदिए । पहिले ब्याटिङ गरेको काठमान्डु १८ ओभरमा १२०-७ को अवस्थामा रहेको थियो । १९औं ओभर लिएर लुम्बिनीका बलर रुबेन ट्रम्पलमन आएका थिए, जसले ३ ओभरमा १३ रन मात्र दिएका थिए ।

करणले उक्त ओभरमा ट्रम्पलमनलाई ४ छक्का र १ चौका प्रहार गर्दा कूल ३१ रन आयो । यही ओभरमा काठमान्डुले १५० र नको योगफल पनि कटायो । त्यही नै थियो त्यो ओभर जहाँबाट काठमान्डुले खेलमा मोमेन्टम प्राप्त गर्‍यो । खेलपछि कुरा गर्दै काठमान्डुका ब्याटर आकाश त्रिपाठीले करणको ब्याटिङबाटै खेलमा मोमेन्टम प्राप्त गरेको उल्लेख गरे । 'आज फिनिस राम्रो भएको थियो, त्यही मोमेन्टम बलिङमा पनि क्यारी फ ।वार्ड भयो' आकाशले भने, 'सुरुवातमा विकेट अलिकति चुनौतीपूर्ण थियो, १५० जतिको स्कोर डिफेन्ड गर्न सक्छौं भन्ने थियो ।'

'हाम्रो लोअर अर्डर पनि राम्रो छ, करण दाइले राम्रो खेल्नुभयो, उहाँको ब्याटबाट रन बन्यो अनि सजिलो भयो' उनले थपे, 'करण दाईले चाहिने बेलामा ब्याट र बल दुवैबाट प्रदर्शन गर्न सक्नुहुन्छ, आज पनि त्यस्तै भयो ।'

१९औं ओभरको पहिलो बलमा करणले ठुलो शट खेलेका थिए । बल मिडविकेटको दिशामा धेरै माथि उठेर दूरी पनि प्राप्त गर्दा छक्का भएको थियो । त्यसपछि नो बल भयो जसमा चौका पनि आयो । फ्री हिटमा करणले डिप कभरमा छक्का प्रहार गरे । लगत्तै अर्को बलमा सिधा अगाडि छक्का प्रहार गरे । अन्तिम बलमा लङअनमा छक्का हिर्काए । उनले ट्रम्पलमनको बलिङ फिगर नै ध्वस्त बनाइदिए । करण ११ बलमा ३४ रनमा नटआउट रहे ।

यसपछि अन्तिम ओभरमा ६ रन जोड्दै काठमान्डुले १५७ रनको योगफल खडा गरेको थियो । उक्त योगफल पछिल्लो समय टियूमा डिफेन्ड गर्न सकिने नै देखिएको थियो । बलरहरूले गरे पनि ।

**स्पीनर फेरि चम्किए**

टीयू क्रिकेट रंगशालामा पछिल्ला खेलहरूमा बलिङ सहयोगी कन्डिशन देखिएको छ । १३५, १३९, १४७ जस्ता योगफलहरू डिफेन्ड भइरहेका छन् । आजको खेलमा पनि त्यस्तै देखियो । १५७ रनको योगफल खडा भएपछि काठमान्डुका बलरहरूको मनोबल उच्च भइसकेको थियो । बलिङमा पनि स्पीनरहरू आजको खेलमा धेरै चम्किए । काठमान्डुले लिएका १० विकेटमध्ये ६ विकेट स्पीनरकै नाममा थिए ।

कप्तान करण केसीले सुरुवाती ओभरमै १८ रन बेहोरेपछि दोस्रो ओभरदेखि स्पीनर लगाएका थिए । स्पीनरले लगत्तै प्रभाव पारे । मिलिन्द कुमारले सन्दीप जोर ।लाई आउट गरे भने आफ्नो दोस्रो एवं खेलको चौथो ओभरमा डार्शी शर्टलाई पनि आउट गरे । लगत्तै अर्को ओभरमा साहब आलमले अफगान ब्याटर गुल्बादिन नाइबलाई आउट गरे भने आठौं ओभरमा जेरार्ड एरासमसले कप्तान रोहित पौडेललाई आउट गरेपछि लुम्बिनी १० ओभर समाप्त हुँदा ६८-४ को अवस्थामा थियो । त्यहाँबाट लुम्बिनी खेलमा फर्कन सकेन ।

११औं ओभरको चौथो बलमा सन्तोष यादवले जेजे स्मिथलाई पनि आउट गरे । त्यही ओभरको अन्तिम बलमा सुमित महर्जन रनआउट अनि त्यसपछिको जेरार्ड एरासमसको ओभरमा रुबेन ट्रम्पलमन आउट भएपछि लुम्बिनी चाँडै नै अलआउट हुने अवस्थामा पुगेको थियो । शेर मल्लले अन्त्यतिर लगातार ३ छक्का प्रहार गर्दै आशा जगाएपनि उनी रनआउट भएपछि लुम्बिनीको सम्भावना सकिएको थियो । यसरी काठमान्डुका स्पीनरले सुरुवातदेखि नै विकेट लिँदै लुम्बिनीलाई दबाबमा राखेका थिए ।

**ब्याटिङमा चुकेको लुम्बिनी**

काठमान्डुका बलरहरूको राम्रो प्रदर्शन एकतर्फ हुँदा अर्कोतर्फ लुम्बिनीका ब्याटरहरूले पनि शट सेलेक्सनमा ध्यान दिएनन् । डार्शी शर्टले हल्का हातले कभरलाई सजिलो क्याच दिएका थिए । गुल्बादिन नाइबले राम्रो टचमा देखिइरहँदा पनि रिस्क लिएर फिल्डरकै हातमा क्याच दिनेगरी लङअफमा शट खेलेका थिए । जेजे स्मिथले पनि पोइन्ट फिल्डरकै हातमा क्याच दिए ।

कप्तान रोहित पौडेलले रिभर्स खेल्ने चक्करमा विकेट गुमाए । यी सबै शटहरू आवश्यक थिएनन् । केही शटहरू राम्रो हुँदाहुँदै पनि फिल्डरको हातमा गएको थियो । खेलपछि लुम्बिनीका शेर मल्लले पनि ब्याटिङमा केही खराब शटहरूका कारण चुकेको बताए । 'चेज गर्नुपर्ने थियो, केही सफ्ट डिसमिसलहरू भए अनि चाँडै विकेट गुमाउन पुग्यौं' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# सकियो 'परालको आगो'को छायांकन, बैशाख ११ मा प्रदर्शन हुने





काठमाडौं/वि.सं. १९९७ सालतिरको कालखण्डमा आधारित फिल्म 'परालको आगो'को छायांकन पूरा भएको छ । जेनजी आन्दोलन लगत्तै भदौ अन्तिमबाट म्याग्दीमा छायांकन सुरु गरिएको फिल्मको मंगलबार सोही ठाउँमा अन्तिम दृश्य खिचियो । ४० दिनमा चारवटा गीतसहित फिल्मको सम्पूर्ण छायांकन सकिएको निर्माता सुशील पोखरेलले बताए ।

छायांकन पूरा भएसँगै आगामी बैशाख ११ गतेलाई फिल्मको प्रदर्शन मिति पनि तय गरिएको छ । निर्माता पोखरेलले कुनै फिल्मसँग नभिड्ने उद्देश्यले महत्त्वपूर्ण मिति छाडेर आफूले साधारण मितिमा फिल्म रिलिज गर्न लागेको बताए । उनले आफूले घोषणा गरेको मितिमा अरु फिल्म नजुधाइदिन पनि आग्रह गरेका छन् ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको फिल्ममा यस सौगात मल्ल, प्रकाश सपूत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, कुलदीप अधिकारी, एन्जिला बानियाँ (बाल कलाकार) लगायतको अभिनय रहेको छ । फिल्ममा प्रकाश र सुहानाले श्रीमान्-श्रीमती (चामे र गौँथली)को भूमिका निभाएका छन् भने सौगात जुठे दमाईको भूमिकामा छन् ।

कथाकार गुरुप्रसाद मैनालीको चर्चित कथा 'परालको आगो'मा आधारित यो फिल्ममा सुशील देवकोटाको लेखन रहेको छ भने सुरेन्द्र राना, मनबहादुर मुखिया र प्रकाश सपूतले गीत लेखेका छन् । संकल्प भुजेल फिल्मका छायाँकार हुन् । 'परालको आगो' श्रीमान्-श्रीमती चामे र गौँथली बीचको झगडाको कथा हो । यो कथामा ४५ वर्षअघि प्रताप सुब्बाले पनि फिल्म बनाएका थिए ।

# 'हर्ष'ले उठाएको विषयमा बहस हुन आवश्यक छ : निर्देशक पौडेल



काठमाडौं/फिल्म निर्देशनमा नयाँ नाम हो, एकता पौडेल । यही शुक्रबार (१२ मंसिर)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'हर्ष'मार्फत उनले निर्देशकीय यात्रा सुरु गरेकी छन् । तर, पहिलो फिल्ममा नै उनीमाथि ठूलो चुनौती देखिएको छ । प्रख्यात फिल्म निर्देशक शिव रेग्मीकी भान्जी भएकाले उनी निर्देशनमा आफूलाई अब्बल सावित गर्नुपर्ने दबाबमा छिन् ।

न्यूयोर्क फिल्म एकेडेमीमा अध्ययन गरेकी एकता मामाका फिल्महरूबाट प्रभावित भएर पहिलो फिल्म नै पारिवारिक कथावस्तुमा बनाएको बताउँछिन् । उनी भन्छिन्, 'अमेरिकाबाट आउँदा मसँग थुप्रै स्क्रिप्ट थिएँ । तर, मेरो मनपर्ने जनरा फेमिली ड्रामा हो । मामाका फिल्महरू पनि त्यस्तै हेरेको हुर्किएँ । यसैले आफूलाई सरल पनि होस् भनेर फेमिली ड्रामामा 'हर्ष' बनाएकी हुँ ।'

शिव रेग्मीकी भान्जी भएकाले आफूप्रति दर्शकले बढी अपेक्षा राखेका छन् भन्नेमा उनी सचेत छिन् । यसलाई उनले सकारात्मक रुपमा नै लिएकी छन् । भन्छिन्, 'मामाकै कारण ममाथि दर्शकले बढी अपेक्षा राख्नु नराम्रो होइन । यसले मलाई अझ धेरै जिम्मेवारीबोध गराउँछ,' उनी अगाडि भन्छिन्, 'मामाजस्तो शतप्रतिशत दिन नसके पनि मनछुने कथा भन्ने प्रयास चाहिँ गरेकी छु ।'

एकताले 'हर्ष'मा वंशको विषयलाई मुख्य कथावस्तु बनाएकी छन् । उनी फिल्मले उठाएको विषयमा बहस हुन आवश्यक ठान्छिन् । भन्छिन्, 'यसले उठाएको विषयमा बहस हुनु आवश्यक छ । यदि दर्शकले यसलाई राम्रोसँग बुझे भने यो विषय अझ व्यापक रूपमा अघि बढ्नेछ । फिल्मले गम्भीर विषयलाई सरल तर प्रभावकारी शैलीमा मनोरञ्जनसहित भन्छ ।'

अमेरिकामा फिल्म मेकिङ अध्ययन गर्दा उनले विभिन्न देशका विद्यार्थीको फिल्मप्रतिको दृष्टिकोण नजिकबाट बुझ्ने अवसर पाएकी थिइन् । आधारभूत रुपमा भावना अभिव्यक्तिको तरिका धेरै फरक नभए पनि समाज र परिस्थितिले त्यसलाई फरक बनाउने उनको अनुभव छ । त्यही अनुभवले आफूलाई कथा र पात्र निर्माणमा गहिरो बुझाइ दिएको उनको भनाइ छ ।

# सेज भाडादर घट्यो ७५ प्रतिशत



काठमाडौं/सरकारले विशेष आर्थिक क्षेत्र (सेज)को भाडादरमा भारी कटौती गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तथा कार्यविधि २०७१ खारेज गर्ने निर्णय गरेको हो । सो कार्यविधिले तोकेको प्रतिवर्गमिटर २० रुपैयाँ रहेको भाडादर घटाई प्रतिवर्गमिटर ५ रुपैयाँ कायम गर्ने निर्णय भएको सरकारका प्रवक्ता जगदीश खरेलले जानकारी दिए ।

सेजको भाडादर महङ्गो भएको भन्दै व्यवसायीले लामो समयदेखि घटाउन माग गरिरहेका थिए । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. राम प्रसाद घिमिरेले यो निर्णयले दीर्घकालीन सकारात्मक सन्देश दिने बताए ।

'सरकारले भाडा उठाएर आम्दानी गर्ने होइन, लगानी प्रवर्द्धन गर्ने हो भन्ने सन्देश दिने खोजिएको हो,' उनले भने, भाडा घटाउँदा लगानीकर्तालाई सहज हुनेछ ।'

उनका अनुसार पछिल्लो समय नीतिगत रुपमा गरिएका सुधार का प्रयासले सेजमा लगानीकर्ता आकर्षित हुने क्रम समेत बढेको छ । सिमरा र भैरहवा सेजमा लगानीकर्ताको आकर्षण बढिरहेको उनले जानकारी दिए । सेज कार्यविधिले सञ्चालक समितिलाई भाडा तोक्ने अधिकार दिएको थियो । सोही कारण सरकारले यस पटक कार्यविधि खारेज गरी नयाँ भाडा तोकेको हो ।

सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा भाडा कटौती गर्नेबारे अग्रिम घोषणा गरेको थियो । बजेटले विशेष आर्थिक क्षेत्र (सेज) र औद्योगिक क्षेत्रमा नयाँ उद्योग स्थापना गर्ने अनुमति प्राप्त उद्योगलाई सुरुको तीन वर्ष भाडा छुट दिने घोषणा गरेको थियो ।

साथै सेजको भाडादर प्रतिवर्गमिटर २० रुपैयाँबाट घटाएर ५ रुपैयाँ कायम गर्ने घोषणा गरेको थियो । औद्योगिक क्षेत्रका उद्योगले उत्पादनको ३० प्रतिशत भन्दा बढी निर्यात गरे विशेष आर्थिक क्षेत्रका उद्योग सरह सुविधा दिने घोषणा समेत चालु आवको बजेटले गरेको थियो ।

उद्योग मन्त्री अनिल कुमार सिन्हाले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै सार्वजनिक गरेको सेवाको प्रभावकारिता अभिवृद्धिका लागि तत्काल सुधार कार्ययोजनामा भाडा कटौती गर्ने निर्णय कार्यान्वयन मंसिर भित्र गरि सक्ने उल्लेख थियो ।

विशेष आर्थिक क्षेत्र प्राधिकरण १० माघ २०६० मा उद्योग मन्त्रालय अन्तर्गत स्थापना भएको हो । विशेष आर्थिक क्षेत्र स्थापनाका लागि पूर्व सम्भाव्यता अध्ययन र सञ्चालन गर्न तथा नेपालभर रहेका विशेष आर्थिक क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गर्न प्राधिकरण बनाइएको थियो ।

सेज गठन आदेश २०६९ आएपछि भने सञ्चालनको बाटो खुलेको हो । अहिले सिमरा र भैरहवा सेज सञ्चालनमा छन् । यस्तो क्षेत्रभित्र औद्योगिक क्षेत्रको नियमन तुलनात्मक रुपमा उदार हुन्छ । विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगलाई विशेषाधिकार दिइएको छ ।

सेजमा व्यवसाय सञ्चालन गर्नेलाई पहिलो ५ वर्षमा शतप्रतिशत आयकर छुट दिने गरिएको छ । लाभांशमा समेत सुरुवाती ५ वर्ष शतप्रतिशत छुट दिइएको छ ।

सेजमा उद्योगहरूद्वारा उत्पादित उत्पादन र सेवाको निर्यातमा शून्य प्रतिशत भ्याट लाग्ने गरी तोकिएको छ । सेजमा हड्ताल र आन्दोलन निषेध गरिएको छ । श्रमिक संगठन निषेध गरिएको छ ।

विशेष आर्थिक क्षेत्र प्राधिकरणका अनुसार भैरहवा सेजबाट गत आर्थिक वर्ष २०८१/८२ मा निर्यात बिक्री ३ अर्ब १५ करोड रुपैयाँ बराबर रहेको थियो । आन्तरिक बजार बिक्री १ अर्ब ७३ करोड रुपैयाँ बराबर भएको थियो ।

सिमरा सेजबाट गत आवमा १ करोड रुपैयाँ बराबरको निर्यात बिक्री र ९३ करोड रुपैयाँ बराबरको आन्तरिक बजार बिक्री भएको तथ्यांक छ । यसरी कुल ५ अर्ब ८२ करोड रुपैयाँ बराबरको वस्तु बिक्री भएको तथ्यांक छ ।

प्राधिकरणका अनुसार अहिले सिमरा र भैरहवा सेजमा एक/एक दर्जन उद्योग सञ्चालन र निर्माणाधीन अवस्थामा छन् । पाँच खाल सेज निर्माणको चरणमा छ ।

*(स्रोत: अनलाइनखबर)*

आईसीसी टी-२० विश्वकप:

# इंग्ल्यान्डसँग एउटै समूहमा पर्‍यो नेपाल, सबै खेल मुम्बईमा

काठमाडौं/आगामी फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा संयुक्त रूपमा हुने आईसीसी टी-२० विश्वकप क्रिकेटको समूह तथा खेलतालिका सार्वजनिक भएको छ । भारतको मुम्बईमा मंगलबार एक कार्यक्रमका बीच समूह विभाजनसहित खेलतालिका सार्वजनिक गरिएको हो । विभाजित समूह अनुसार नेपाली क्रिकेट टोली कठिन समूहमा परेको छ ।

नेपाली टोली २-२ पटकका विश्वविजेता इंग्ल्यान्ड र वेस्ट इन्डिजसँगै बंगलादेश र इटाली सम्मिलित समूह 'सी' मा छ । नेपालले इंग्ल्यान्डसँगै पहिलो खेल फेब्रुअरी ८ मा खेल्ने छ । खेल मुम्बईस्थित वान्खडे स्टेडियममा हुनेछ । यस्तै नेपालले फेब्रुअरी १२ मा इटाली, फेब्रुअरी १५ मा वेस्ट इन्डिज र फेब्रुअरी १७ मा बंगलादेशसँग खेल्नेछ । यी खेलहरू पनि मुम्बईमा नै हुनेछन् ।

नेपालले इंग्ल्यान्डसँग अन्तर्राष्ट्रिय क्रिकेटमा खेल्ने यो पहिलो अवसर हुनेछ । यसअघि नेपालले भारत, पाकिस्तान, बंगलादेश, दक्षिण अफ्रिकालगायतका टोलीसँग विभिन्न प्रतियोगितामा खेलिसकेको छ ।

गत संस्करणको टी-२० विश्वकपमा नेपाल दक्षिण अफ्रिकासँग एउटै समूहमा परेको थियो । त्यसबेला नेपाल दक्षिण अफ्रिकासँग १ रनको झिनो अन्तरले पराजित भएको थियो । विश्वकपका अन्य समूहमा भारत, पाकिस्तान, नेदरल्यान्ड्स, नामिबिया र अमेरिका समूह ए मा छन् भने समूह बी मा अस्ट्रेलिया, श्रीलंका, जिम्बाबे, आयरल्यान्ड र ओमान छन् ।

समूह 'डी' मा दक्षिण अफ्रिका, न्युजिल्यान्ड, अफगानिस्तान, यूएई र क्यानडा छन् । टी-२० विश्वकप फेब्रुअरी ७ देखि मार्च ८ सम्म हुनेछ ।

**नेपालको खेलतालिका :**

इंग्ल्यान्डसँग- फेब्रुअरी ८ (मुम्बई)
इटालीसँग- फेब्रुअरी १२ (मुम्बई)
वेस्ट इन्डिजसँग-फेब्रुअरी १५ (मुम्बई)
बंगलादेशसँग - फेब्रुअरी १७ (मुम्बई)

# 'अभिमन्यु'को हिन्दी टिजर रिलिज

काठमाडौं/सस्पेन्स-थ्रिलर फिल्म 'अभिमन्यु'को हिन्दी भर्सनको टिजर सार्वजनिक गरिएको छ । १ मिनेट ४० सेकेण्ड लामो टिजरले फिल्मको कथावस्तु उजागर गर्दै प्रेम, रहस्य, अपराध र मनोवैज्ञानिक तनावलाई मुख्य रूपमा प्रस्तुत गरेको छ । पैसाका लागि अपहरणको योजना र छानबिनमा जुटेको प्रहरीको अनुसन्धान टिजरको केन्द्रमा छ, जसले दर्शकलाई रोमाञ्चक अनुभव गराउँछ ।

टिजरको सबैभन्दा आकर्षक पक्ष हिन्दी स्वरांकन हो । अभिनेता कामेश्वर चौरासियाको पात्रमा 'केजीएफ'को हिन्दी भर्सनका भ्वाइस आर्टिस्ट सचिन गोलेले आवाज दिएका छन्, जुन प्रभावशाली सुनिन्छ । उनले केही समयअघि 'अभिमन्यु'को स्वरांकन गर्ने क्रममा एक भिडियो सन्देशमार्फत मेकरले एकदमै मिहिनेत गरेर राम्रो फिल्म बनाएको बताएका थिए । मंसिर १८ गतेबाट नेपाली र हिन्दी भर्सन एकैसाथ प्रदर्शन हुन लागेको यस फिल्ममा कामेश्वरसहित लक्ष्मी बर्देवा, शिशिर वाङ्देल, सरिता गिरी, गौमाया गुरुङ, किरण श्रेष्ठ लगायतको अभिनय रहेको छ । संगीतकारको रुपमा परिचित सुशान्त गौतमको निर्देशनमा बनेको फिल्ममा मुकेश खनालको लेखन तथा शरद महतोको छायांकन रहेको छ । फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । विनोद तिनै निर्माता हुन्, जसले निर्माण गरेको अघिल्लो फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले बक्स अफिसमा सर्वाधिक कमाइको कीर्तिमान बनाएको थियो ।

# साम्राज्ञीका हुनेवाला श्रीमानका छन् २ वर्षका छोरा !

काठमाडौं/अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले मंसिर २ गते आफ्नो जन्मदिनको अवसरमा प्रशंसकहरूलाई ठूलो सरप्राइज दिइन् । उनले इन्गेजमेन्टका तस्वीरहरू सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेकी थिइन् । तर, त्यसबेला उनले हुनेवाला श्रीमानको नाम भने खुलाइनन् । तस्वीरमा अनुहार पनि आधा मात्र देखिएको थियो । उनले क्याप्सनमा ह्यासट्याग 'एस एन्ड बी' उल्लेख गरेकी थिइन् ।

साम्राज्ञीले इन्गेजमेन्टका तस्वीर सार्वजनिक गरेको केही घन्टामा नै सञ्चारमाध्यमले उनका हुनेवाला श्रीमानको पहिचान खुलाइदिए । उनले अभिनेता विशाल खरेलसँग इन्गेजमेन्ट गरेकी हुन् । 'प्रेम दिवस'बाट फिल्ममा डेब्यु गरेका विशालले साम्राज्ञीसँग 'हारेँ हारेँ' र 'मालती' गीतका भिडियोमा अभिनय समेत गरेका छन् । यिनै गीतमा काम गर्ने क्रममा उनीहरू एकअर्कासँग नजिकिएका थिए ।

साम्राज्ञीसँग इन्गेजमेन्ट गरेपछि विशालको निजी जीवनबारे विभिन्न खबरहरू आइरहेका छन् । उनी पहिल्यै विवाहित रहेको भन्ने तथ्य धेरैका लागि आश्चर्यको विषय बनेको छ । पूर्वपत्नीसँगका उनका तस्वीर र भिडियोहरू यतिबेला टिकटकभरि छाएका छन् । उनका दुई वर्षका एक छोरा समेत छन् । सन् २०२३ मा सुब्बा थरकी उनकी पूर्वपत्नीले अमेरिकामा छोरालाई जन्म दिएकी थिइन् ।

विशालले साम्राज्ञीसँग इन्गेजमेन्ट गरेपछि उनकी पूर्वपत्नीले टिकटक अकाउन्टमा छोरासँगको एक तस्वीर सेअर गर्दै आफूहरूको वैवाहिक सम्बन्ध १५ वर्ष लामो रहेको खुलासा गरेकी छन् । उनले लेखेकी छन्, 'आफ्नो धोकालाई जायज ठहराउन संसारलाई तिमी हाम्रो सम्बन्ध विषाक्त थियो भन्दै छौ, जुन हाम्रो १५ वर्ष लामो वैवाहिक जीवन र २ वर्षको छोराप्रति निकै अपमानजनक हो ।'

संचारकर्मीलाई प्राप्त जानकारी अनुसार विशालको अघिल्लो वैवाहिक सम्बन्ध र सन्तानबारे साम्राज्ञीलाई पहिल्यै जानकारी थियो । यो विषयमा पार दर्शितापूर्वक छलफल गररै उनीहरूले सम्बन्ध अगाडि बढाएको स्रोतको दाबी छ । विशालको पूर्वपत्नीसँग केही महिनाअघि नै पार पाचुके भइसकेको छ । लामो समयदेखि अमेरिकामा बस्दै आएका उनको त्यहाँ ठूलो व्यवसाय रहेको बताइन्छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकाले कक्षा १ देखी ३ कक्षामा अध्यापन गराउने शिक्षकलाई दिएको एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम समापन भएको छ ।

पाँच दिनसम्म सञ्चालन भएको तालिम शुक्रबारबाट सुरु भएको थियो । कैलाश-९ मा रहेको कालिका माविमा सञ्चालित तालिम वडा ९ का वडाध्यक्ष भूवनसिंह घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा समापन गरिएको थियो । तालिममा सहभागी शिक्षकलाई प्रमाणपत्र प्रदान गर्दै तालिमबाट सिकेका सीप र ज्ञानलाई विद्यालय र विद्यार्थीसमक्ष पुऱ्याउन निर्देशन दिएका छन् । शिक्षकमा पनि समयसमयमा ज्ञानसीप प्रदान गरे शिक्षामा सुधार हुने उनले बताए । 'सिकेको सीप र ज्ञान कार्यान्वयन गर्नुस, अनिमात्र विद्यार्थी र शिक्षकको पनि व्यवहारमा सुधार रहने छ' उनले भने ।



कानून र अधिकार बाझीएकाले शिक्षा नीति र ऐनमा केही समस्या छन् त्यसलाई विस्तारै समाधान गर्दै जानुपर्ने अध्यक्ष मुक्तानले बताए । उनका अनुसार यहाँको विद्यालय, विद्यार्थी र समूदाय जस्तो छ सोहीअनुरुप आफूले शिक्षण पेशालाई अघि बढाउनुपर्ने देखिन्छ । कार्यक्रममा वडाअध्यक्ष घलानले सिकेको सीपलाई जति सक्दो कार्यान्वयन गर्न आग्रह गरेका छन् । अनुगमनमा जाँदा त्यसको प्रभावकारी भएको पाइएन, प्रतिकुल अवस्थामा पनि यहाँहरुले अनुकुल भएर काम गरिनुपर्ने बताए । उनले विद्यार्थीको भविष्य शिक्षकको हातमा रहेकाले तालिममा सक्दो ज्ञान र सीप सिक्न आग्रह गरेका छन् ।

कार्यक्रममा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाप्रमुख समिर जोशीले तालिमपश्चात विद्यालयमा कार्यान्वयन गर्नुपर्ने बताए । तालिमपछि ज्ञान र सीप विद्यालयमा देखिनुपर्ने र विद्यार्थीले पनि अनुभव गरिनुपर्नेमा उनले जोड दिए । तालिमपश्चात शिक्षक अनिल धमला र धनकुमारी जोशीले तालिमको अनुभव र सिकेको सीप उपलब्धीमूलक रहेकोले कार्यान्वयन गरिने प्रतिवद्धता जनाए । तालिममा गाउँपालिकाका ६ वटा मावि, ४ वटा निमावि र ३३ वटा प्रावि तहका शिक्षकको सहभागिता रहेको सहायक विद्यालय निरीक्षक दीपेन्द्र अधिकारीले बताए ।

तालिममा सविता अधिकारी, विवसजंग थापा र सरस्वती अधिकारीले एकीकृत पाठ्यक्रम सम्बन्धी सहजीकरण गरेका थिए । तालिममा कालिका माविका प्रअ रामप्रसाद कालाखेती, सहायक विद्यालय निरीक्षक अधिकारी, स्रोतशिक्षक ध्रुवराज विष्टलगायतको आतिथ्यता रहेको थियो ।

# एसईइका विद्यार्थीलाई खाना र आवासको व्यवस्था हुन्छः अध्यक्ष मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले चैत्रमा सञ्चालन हुने एसईइको परीक्षाका लागि सबै विद्यालयका विद्यार्थीलाई खाना र आवासको व्यवस्था गाउँपालिकाले गर्ने बताएका छन् ।

मंगलबार कालिका माविमा आयोजित कक्षा ११ का विद्यार्थीलाई स्वागत गर्ने कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मुक्तानले परीक्षा दिने विद्यार्थीका लागि खाना र आवासको व्यवस्था गरिने बताएका हुन् । गत वर्षबाट गाउँपालिकामा कालिका मावि परीक्षा केन्द्र तोकिएसँगै विद्यार्थीलाई सहजता भएको उनले बताए । यस विद्यालयका विद्यार्थीले भने हेटौंडामा परीक्षा दिनुपर्ने भएकाले उनीहरुको लागि पनि गाउँपालिकाले खाना र आवासको व्यवस्था गर्ने बताए ।

विद्यार्थीले लगनशीलताका साथ अध्ययन गर्न आग्रह गर्दै अनुशासितरुपमा पढाई गरी राम्रो नतिजा निकाल्न आग्रह गरेका थिए । कैलाशको शिक्षा सुधारोन्मुख रहेकाले एसईइ मात्र नभई कक्षा १२ को नतिजामा पनि विद्यार्थीले ध्यान दिनुपर्ने बताए । वडाअध्यक्ष भुवन घलानले कक्षा ११ मा जति पनि विद्यार्थी छन् राम्रो अध्ययनले विद्यालयलाई नतिजा निकालेर अध्ययन गर्न आग्रह गरेका छन् । शिक्षाक्षेत्रमा गाउँपालिकाले गरेको लगानी पक्कै पनि सुधार रहोस् भन्ने छ र उच्चशिक्षाका लागि हेटौंडा लगायत अन्य सहरमा पुग्नेछन् भन्ने विश्वास लिएको उनले बताए ।

कक्षा १२ का विद्यार्थी आशिका पुडासैनीको अध्यक्षतामा भएको स्वागत कार्यक्रममा वडाअध्यक्ष घलान, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मदनप्रसाद बर्तौला, गाउँपालिका शिक्षाप्रमुख समीर जोशी, विद्यालयका प्रअ रामप्रसाद कालाखेती, पूर्वप्रअ राजाराम पराजुली, सहायक प्रअ रामचन्द्र पौड्याललगायतको आतिथ्यता रहेको थियो । कक्षा १२ का विद्यार्थीले ११ मा भर्ना भएका विद्यार्थीलाई स्वागत गरेका थिए । कक्षा १२ का सुस्मिता थिङ र कक्षा ११ का अस्मिता ब्लोनले भनाई राखेका थिए । कालिका माविमा शिक्षा शास्त्र र व्यवस्थापन विषय अध्यापन गराउँदै आएको छ ।

# दिनहुँ बढ्दै तरकारी भाउ, घट्दैन किन ?

काठमाडौं/काठमाडौं उपत्यकामा तरकारीको भाउले दिनहुँ नयाँ 'रेकर्ड' बनाइरहेको छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकले सिजनकै तरकारीको भाउ दिनहुँ बढेको देखाउँछ । तरकारीको भाउ बढ्न थालेको गएको दसैंभन्दा अघिदेखि नै हो । त्यसबेलादेखि नै उपभोक्ता तरकारीमा महँगो भाउ चुकाउन बाध्य छन् ।

कालीमाटी थोक (होलसेल) बजारमै तरकारीको भाउ उच्च हुँदा खुद्रातिर भने नियन्त्रण बाहिर छ । अहिलेसम्म बजारमा सबैभन्दा महँगो गोलभैंडा भएको छ । कालीमाटी बजारमा मंगलबार गोलभैंडाको थोक मूल्य किलोकै १ सय ४५ रुपैयाँ पुगेको छ । थोकमै महँगो भएको गोलभैंडा खुद्रामा २ सयदेखि २ सय २० रुपैयाँसम्ममा बिक्री भइरहेको छ ।

तथ्यांक केलाउने हो भने १ कात्तिकदेखि ९ मंसिरसम्म आइपुग्दा गोलभैंडाको थोक मूल्य ९४ देखि २ सय ५५ प्रतिशतले बढेको छ । १ कात्तिकमा गोलभैंडाको थोक भाउ प्रतिकिलो २९ देखि ६२ रुपैयाँ थियो । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठ कमजोर आपूर्ति र प्रबल माग नै मूल्यवृद्धिको प्रमुख कारण भएको बताउँछन् ।

'गोलभैंडा आपूर्तिमा देखिएको कमीले गोलभैंडाको मूल्य अझै बढेको बढ्यै छ,' श्रेष्ठले अनलाइनखबरसँग भने, 'विगतमा दैनिक ६० देखि ७० टन गोलभैंडा बजार आउने गरेकोमा अहिले मुस्किलले ३० देखि ४० टनमात्र आइरहेको छ ।'

**कति छ तकारीको भाउ ?**

कालीमाटी बजारमा मंगलबार तने बोडीको भाउ प्रतिकिलो १ सय ८० रुपैयाँ पुगेको छ । मटरकोशा १ सय ४०, घिउसिमी १ सय ६० र राजमा १ सय २० रुपैयाँ कायम छ ।

एक किलो गाजर र तितेकरेला किन्न १ सय ५० रुपैयाँ खर्चिनुपर्छ । कालीमाटी बजारमै काउली किलोको ७० रुपैयाँ पर्छ भने परवर १ सय ३० रुपैयाँ छ । यस्तै हरियो फर्सीको भाउ ८० पुगेको छ । घिरौंला किलोको १ सय ३० र भिन्डी १ सय ३० रुपैयाँ छ ।

सिजनमै सौंफको साग थोकमा प्रतिकिलो १ सय ८० रुपैयाँ हुँदा खुद्रामा भने २ सय ५० सम्म तिर्नुपर्ने बाध्यता छ । कालीमाटीमा पालुंगो साग २ सय र चम्सुरको साग किलोको १ सय ५० रुपैयाँमा बिक्री भइरहेको छ । रायोको साग प्रतिकिलो ८० रुपैयाँ छ ।

भैंडे खुर्सानी किलोको १ सय ८० पर्छ भने हरियो लसुनको भाउ किलोको १ सय ५० रुपैयाँ छ । हरियो धनियाँ किलोको ३ सय पुग्दा



हरियो खुर्सानी १ सय ४० देखि १ सय ६० रुपैयाँ किलोमा बिक्री भइरहेको छ ।

त्यस्तै च्याउ किलोको २ सय ६० रुपैयाँमा बिक्री भइरहेको छ । ब्रोकाउली किलोको १ सय ६०, चुकन्दर ९०, जिरीको साग ६ सय र पार्सले ७ सय ५० रुपैयाँ पुगेको छ । कालीमाटी बजारमा काठमाडौंकै सबैभन्दा सस्तो तरकारी पाइन्छ । यहाँबाट नै खुद्रा विक्रेताले लगेर बिक्री गर्ने भएकाले अन्य क्षेत्रमा तरकारीको मूल्य योभन्दा बढी तिर्नुपर्ने हुन्छ ।

**किन बढिरहेछ तरकारी भाउ ?**

सूचना अधिकारी श्रेष्ठ अहिले दैनिक उपभोग्य तरकारी आपूर्ति व्यवस्था निकै कमजोर बनेको बताउँछन् । 'एकातर्फ आपूर्तिमा कमी आएको छ भने अर्कातर्फ माग ह्वात्तै बढेको छ,' उनी थप्छन् । उनका अनुसार विशेषगरी अहिले विवाहको सिजन सुरु भएकाले गोलभैंडा लगायत हरियो तरकारीको मागमा असामान्य वृद्धि भएको छ, जसले गर्दा बजारमा मूल्यमाथि थप चाप परेको छ ।

आलुको मूल्य भने घट्ने क्रममा रहेको र काउलीको मूल्य पनि अघिल्ला साताको तुलनामा केही घटेको उनी बताउँछन् । 'मूल्यवृद्धिको अर्को महत्त्वपूर्ण कारण गत असोज महिनाको अन्त्यसम्म लम्बिएको भारी वर्षा हो,' सूचना अधिकारी श्रेष्ठ भन्छन्, 'वर्षाका कारण किसानले लगाएका बालीनालीमा ठूलो क्षति पुग्यो, वर्षा अत्यधिक भएकाले धेरै स्थानमा बाली डुबानमा पऱ्यो भने कतिपय ठाउँमा बगाएर लग्यो, किसानहरूले क्षति भएका बाली हटाएर फेरि दोहोऱ्याएर नयाँ बाली लगाउनुपरेको अवस्था आएको छ ।'

यसले गर्दा उत्पादन चक्रमा ढिलाइ हुनुका साथै उत्पादन लागत पनि बढेको छ, जसको प्रत्यक्ष असर अहिले बजार भाउमा देखिएको उनी बताउँछन् । आन्तरिक उत्पादनमा कमी आएका कारण भिन्डी, करेला, घिरौंला र लौकाजस्ता 'अफ-सिजन' तरकारीहरू भारतबाट आयात भइरहेका छन् ।

श्रेष्ठका अनुसार यी तरकारीको आन्तरिक उत्पादन पर्याप्त नभएकाले भारतबाटै ल्याउनुपर्ने अवस्था छ । आलु र प्याज पनि मुख्यतया भारतबाट आउने भए पनि ती तरकारीको आपूर्तिमा भने त्यति ठूलो समस्या नदेखिएको उनले बताए ।

यद्यपि, हरियो सागपात, काउली र बन्दाजस्ता तरकारी आपूर्ति पनि सामान्य अवस्थामा पुग्न सकेको छैन । श्रेष्ठका अनुसार जुन परिमाणमा बजारमा आउनुपर्ने हो, त्यो परिमाणमा आउन नसकेको कारण हरियो सागपातको मूल्य पनि असाध्यै महँगिन पुगेको हो ।

श्रेष्ठले बजारको हालको अवस्था मध्यनजर गर्दै मूल्य सामान्यीकरणका लागि केही समय लाग्ने बताए । उनका अनुसार विवाहको सिजन सकिएपछि र तराई क्षेत्रबाट गोलभैंडाको नयाँ उत्पादन बजारमा आउन थालेपछि यो महिनाको अन्त्यसम्ममा तरकारीको भाउ सामान्य अवस्थामा फर्किने अनुमान गरिएको छ ।

कालीमाटी बजारमा आज हरियो तरकारी मात्रै १ लाख ८१ हजार ६ सय ५८ किलो तरकारी भित्रिएको छ । १ मंसिरदेखि ९ मंसिरसम्म ४४ लाख ५७ हजार ९ सय ७२ किलो तरकारी आयात भएको तथ्यांकमा उल्लेख छ ।

# पशुपतिनाथ माविको स्वर्ण महोत्सवमा बद्री पंगेनी र प्रतिमा अर्याल आउने



साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ मनहरी गाउँपालिका-४ मसिनेमा रहेको पशुपतिनाथ मावि स्थापनाको ५० वर्ष पुगेको अबसरमा स्वर्ण महोत्सव आयोजना गरिरहेको छ ।

मंसिर ८ गतेदेखि साताब्यापी क्रियाकलाप सञ्चालन भइरहेका छन् । मंसिर ८ गते विद्यालय परिसरमा रहेको नेपालको राष्ट्रिय झण्डोत्तोलन गरी साताब्यापी कार्यक्रमको सुरुवात गरिएको हो । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले झण्डोत्तोलन गरी कार्यक्रम सुरु भएको घोषणा गरे । साताब्यापी कार्यक्रमअन्तर्गत शिशुकक्षादेखि १० कक्षासम्मकै खेलकुद, लेखन तथा पठन अभ्यासलगायत विभिन्न क्रियाकलाप समेटिएका छन् । कार्यक्रम सुरुवात भएकै दिन चम्चादौड, बोरादौड लगायत खेलहरु सञ्चालन भएका थिए ।

मंसीर १२ गतेदेखि मनहरी गाउँपालिकाभित्र रहेको माध्यमिक विद्यालय तहमा अध्ययन गरिरहेका छात्रको भलिबल प्रतियोगिता आयोजना गरिने छ । प्रतियोगिता गोलघरको चौरमा हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृत्तीय हुने टिमलाई नगद पुरस्कारसहित मेडल, प्रमाणपत्र व्यवस्था गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले बताए । भलिबल प्रतियोगिता सकिएपछि मंसिर १५ गते भब्य समारोह आयोजना गरी महोत्सवको समापन हुनेछ । समारोहमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ सहभागी हुने कार्यक्रम तय भएको अध्यक्ष गौतमले बताए ।

समारोहमा लोकप्रिय गायक बद्री पंगेनी र मकवानपुरे काठेभाकाकी गायिका प्रतिमा अर्याल आउने तयारी भएको मनहरी गाउँपालिका-४ का वडाध्यक्ष प्रकाश थापाले जानकारी दिए । कार्यक्रमलाई भब्य ढंगले सञ्चालन गर्ने, हालसम्म योगदान गर्नुहुने विद्यालय ब्यवस्थापन समितिका पूर्वअध्यक्षहरु, पूर्व प्रधानाध्यापक, अग्रजहरुको सम्झना र स्मरणसहित सम्मान गर्ने लगायत खेलकुदका कार्यक्रम सञ्चालन गरिने विद्यालयका प्रधानाध्यापक सपना लामाले बताइन् । नेपालकै लोपोन्मुख जाति बनकरियाको बसोबास रहेको यो वडामा स्थापित पशुपतिनाथ माविमा अहिले झण्डैं ६ सय जना विद्यार्थी अध्ययनरत छन् ।

# मनहरीमा सचेतना ऱ्यालीसहित उद्यमी समूह पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिकाले उद्योग दिवस तथा लैङ्गिकहिंसा विरुद्धको १६ दिने अभियानको सुरुवातमा मंगलबार सचेतना ऱ्यालीको साथै उद्यमी समूहलाई पुरस्कृत गरेको छ ।

गाउँपालिकाले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको सुरुवात र उद्योग दिवस एकसाथ मनाएको हो । अभियानको सुरुवातको क्रममा मनहरी गाउँपालिका-९ स्थित रजैयाबाट रचेतना ऱ्याली निकालिएको थियो । ऱ्याली गाउँपालिकाको सभाहल लामिटारमा पुगी औपचारिक कार्यक्रममा परिणत भएको थियो । कार्यक्रमकैबीच मनहरी गाउँपालिका क्षेत्रभित्र रहेका महिला उद्यमी समूहमध्ये उत्कृष्ट हुनेलाई पुरस्कृत गरिएको थियो ।

उद्यमी समूहमध्ये प्रथम हुने मनहरी-७ मा रहेको क्रियाशील महिला लघु उद्यमी समूहलाई नगद १५ हजारसहित प्रमाणपत्र प्रदान गरिएको हो । त्यस्तै ६ नम्बर वडामा रहेको पारिजात महिला उद्यमी समूह दोस्रो भई १२ हजार रुपैयाँ प्राप्त गरेको छ भने मनहरी-५ मा रहेको हरियाली महिला लघुउद्यमी समूह तेस्रो भई ९ हजार प्राप्त गरेको थियो ।

मनहरी-१ मा रहेको चकरी महिला लघुउद्यमी समूह चौथो घोषणा गरी ६ हजार रुपैयाँ प्रोत्साहन प्रदान गरिएको थियो । मनहरी-३ को प्रगतिशील लघुउद्यमी समूह र ४ नम्बरमा रहेको अर्को प्रगतिशील लघुउद्यमी समूहलाई सान्त्वना घोषणा गरी नगद ४/४ हजार प्रोत्साहन र सम्मानपत्र प्रदान गरिएको थियो । गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता रहेको थियो । गाउँपालिका प्रशासनप्रमुख अन्जना सुवेदीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् । गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत रमेश सुवेदी, हिमराइट्स मकवानपुरकी कार्यक्रम संयोजक कुमारी वाइबा, बालअधिकार समिति सदस्य देवकी ढुंगानालगायतले मन्तव्य व्यक्त गरेका थिए ।


## महत्वपूर्ण कागजात हराएको सूचना

मिति २०८२ मंसिर २ गते हेटौंडाबाट मनहरी जाने क्रममा मेरो निम्न कागजातहरु : SEE र कक्षा १२ को सम्पूर्ण सक्कल प्रमाणपत्रहरू (Marksheet, Transcript, Character, Migration, Provisional Certificate) भएको क्लियर फाइल (Clear File) हराएको हुँदा, फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न मोबाइल नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम: युजन पराजुली**

**सम्पर्क: ९७६३३४५२६४**

## पालुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि.

पालुङ, मकवानपुर

## २६औं बार्षिक साधारण सभा सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यस पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको मिति २०८२ कार्तिक ३० गतेको दोस्रो पटक प्रकाशित सूचना बमोजिम संस्थाको २६औं बार्षिक साधरण सभ ामिति २०८२ मंसिर २७ गते हुने भनिएकोमा सञ्चालक समितिको मिति २०८२ साल मंसिर ५ गतेको बैठकको निर्णयानुसार उक्त २६औं बार्षिक साधारण सभा मिति २०८२ साल पौष ९ गते बुधवारका दिन बिहान १० बजे संस्थाको मुख्य कार्यालयमा यस अगाडिको सूचनामा उल्लेखित विषयहरुमा छलफल हुने गरी सम्पन्न गरिने व्यहोरा जानकारी गराइन्छ ।

## हार्दिक समवेदना



जन्म: २००४/०२/२०

स्वर्गारोहण: २०८२/०७/२८

स्व. रामेश्वर श्रेष्ठ

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था का कार्यसमिति सदस्य एवम् बागमती प्रदेशसभा सदस्य माननीय लक्ष्मीदेवी श्रेष्ठका पति तथा यस सहकारी संस्थाका शेयर सदस्य **रामेश्वर श्रेष्ठ**को निधन भएकोमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**डा. गणेश बहादुर बल लामा (अध्यक्ष)**

**एवम्**

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार**

**हेटौंडा-२, मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना